**Janapriya Journal of Interdisciplinary Studies (Jjis)**
[A Peer-Reviewed Open Access Journal; Indexed in NepJOL]
ISSN: 2362-1516 (Print), ISSN: 2773-8000 (Online)
Published by Janapriya Research and Consultancy Center (JRCC)
Janapriya Multiple Campus, Pokhara
Journal Homepage: www.janapriya.edu.np

# खससाम्राज्यको नेपाली अभिलेखन : सर्वेक्षण, चुनौती र निकास

**डा. यमनाथ तिमिल्सिना**
*नेपाली विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा*

***Article History :*** *Submitted 06 Jun. 2022; Reviewed 22 Aug. 2022; Accepted 15 Nov. 2022*
***Corresponding Author :*** *Yem Nath Timilsina,* ***Email :*** *yemnathtimilsina@gmail.com*
***DOI :*** *10.3126/jjis.v11i1.53920*

**सार**

*'खससाम्राज्यको नेपाली अभिलेखन : सर्वेक्षण, चुनौती र निकास' शीर्षकको यो आलेख नेपाली लेख्यपरम्पराको थालनीदेखि खससाम्राज्यको विघटनपूर्वका अभिलेखको अध्ययनमा केन्द्रित छ । पुस्तकालयबाट आवश्यक द्वितीयक सामग्री सङ्कलन गरी निगमनात्मक तथा वर्णनात्मक विधिको प्रयोग गर्दै भाषाविज्ञानका जानकार व्यक्तिहरूसँग छलफल गरेर आलेखलाई पूर्णता दिइएको हो । यहाँ नागराज र खस जातिका मानिस तिब्बतबाट कर्णाली प्रदेशको जुम्लास्थित सिंजा उपत्यकामा आई खससाम्राज्यको स्थापना गरेर जनसाधारणको खस बोलीलाई अभिलेखन गरी राजकीय मान्यता दिएको तथ्य अघि सारिएको छ । अग्रज विद्वान्हरूको पूर्वकार्यको विवरण पेस गर्दै अध्ययन हुन बाँकी रहेको विषयलाई समेटी प्राचीनकालीन नेपाली अभिलेखको भाषिक कोणबाट सर्वेक्षण गरेर वि.सं. ११५१ को वामु खँड्काको स्तम्भलेखबाट नेपाली भाषाले अभिलेखनमा प्रवेश गरेको देखाइएको छ । नेपाली अभिलेखनमा उठाइएका विषयसन्दर्भहरू, नेपाली अभिलेखनका विशेषताहरू, चोपिला शब्दको अर्थबोध, नेपाली उखान र टुक्काको सर्वेक्षण गरिएको छ । खससाम्राज्य विघटनपूर्वका नेपाली अभिलेखहरूको अध्ययनमा देखिएको चुनौतीलाई अभिलेखको समय विवाद, अभिलेखन उतारमा विविधता, स्थानीय भाषिकाको प्रयोग, शब्दका रूप र अर्थ अनेक हुनु, मिश्रित भाषाको प्रयोग, लिपि वा वर्ण पहिचानमा समस्या आदि बुँदामा केन्द्रित भएर प्रस्ट्याइएको छ । अभिलेखन अध्ययनमा देखिएका चुनौतीको निकासमा विज्ञहरूको सामूहिक निर्णयबाट समयको विवाद मिलाउने, अभिलेखन उतारमा देखिएका समस्यामा लिपिविज्ञ, भाषाशास्त्री र इतिहासकारको उपस्थितिमा निकास खोज्नुपर्ने, भाषिकाका कारण उत्पन्न समस्या भाषिकाका जानकार व्यक्तिबाट हटाउने, मिश्रित भाषाबाट उत्पन्न चुनौतीका लागि संस्कृत, तिब्बती र नेपाली भाषाका विज्ञबाट निकास खोज्ने र राष्ट्रले उचित भाषानीति र भाषायोजना बनाई सामूहिक वातावरण तयार गरेर वा संस्थागत निर्णयबाट चुनौतीको निकास खोज्न सुझाव दिइएको छ । अन्त्यमा खससाम्राज्यका नेपाली अभिलेखको सङ्कलन र भाषिक सर्वेक्षण गरी अध्ययनमा उठेका चुनौती र चुनौतीको निकास प्रस्तुत गर्दै अध्ययनको उपलब्धि तथा निष्कर्ष दिइएको छ ।*

**शब्दकुञ्जी** : अभिलेखन, कनकपत्र, कीर्तिस्तम्भ, टमोटा, मुदपात, रेष, विंत्यारु

*Copyright 2022 © the Author(s) and the Publisher*

## विषय परिचय

नेपाली भाषीका पुर्खाहरू रूसको घाँसे मैदानबाट सुविधाको खोजी गर्दै पूर्वतिरको यात्रा गर्ने क्रममा तिब्बतको खारी प्रदेश आई बसोबास गरेको पाइन्छ। तिब्बतस्थित मानसरोवरको बिचमा दरबार बनाई नागराजले राज्यसञ्चालन गरेको इतिहासको अध्ययनबाट पुष्टि हुन्छ। तिनै नागराज हिउँदमा कैलास क्षेत्र वा खारी प्रदेश छोडी दक्षिणी जडान तथा खसानतरि झर्दा रहेछन्। यसरी मौसमअनुसार तलमाथि विचरण गर्ने क्रममा नागराजले कर्णाली प्रदेश जुम्लास्थित सिंजा उपत्यकालाई राजधानी बनाई खससाम्राज्यको स्थापना गरे। नागराजले स्थापना गरेको खससाम्राज्य लामो समयसम्म कायम रह्यो। खससाम्राज्यका शासकहरूले नै अभिलेखन कार्यको सुरुआत गरे। ती शासकहरूले अभिलेखमा संस्कृत, तिब्बती र नेपाली भाषाको प्रयोग गरी सर्वप्रथम जनसाधारणले प्रयोग गर्ने खस (नेपाली) भाषाप्रति राजकीय आदर प्रदर्शन गरे। त्यस समयमा विद्वान्हरूले संस्कृत भाषा प्रयोग गर्दथे भने बौद्धमार्गीहरूले तिब्बती भाषा र जनसाधारणले खस भाषा बोदल्थे। खस जातिले बोल्ने भाषा भएकाले त्यसबेला भाषाको नाम पनि खस नै राखिएको पाइन्छ। खस जातिअन्तर्गत ब्राह्मण, क्षेत्री, ठकुरी, डुम, सन्यासी आदि पर्दथे भने तिनीहरूसँग मगरहरू पनि साथमा आएका थिए। मगरहरूको भने आफ्नै भाषा थियो। खस र मगरहरू तिब्बतबाट नेपालमा सँगसँगै झरेका थिए।

पन्ध्रौँ शताब्दी (वि.सं. १४४८) मा सिंजाको खससाम्राज्य विघटन भयो र बाइसे-चौबीसे राज्यहरू अस्तित्वमा आए। त्यसपछि पश्चिम नेपालमा बोलिने खस भाषा विस्तारै पूर्वतिर सर्दै गएको तथ्य नेपाली अभिलेखको अध्ययनबाट पुष्टि हुन्छ। नेपाली भाषालाई अभिलेखमा खस भाषा, जुम्ली भाषा, सिंजाली भाषा, पर्वते भाषा, गोर्खाली भाषा, मल्ल भाषा आदि भनिएको पाइन्छ। विभिन्न समयमा जे नाम दिए पनि वर्तमानको नेपाली भाषाको प्राचीन नाम खस भाषा वा खस कुरा हो। खस भाषाको केन्द्र कर्णाली प्रदेशको सिंजालाई मानिन्छ। अहिले पनि नेपाली भाषाको मूल रूपको खोजी गर्नु पर्‍यो पनि कर्णाली प्रदेशमै जानुपर्छ। पछिल्लो समयमा कर्णाली प्रदेशमा बोलिने नेपाली भाषालाई अनेक स्थानीय नाम दिएर नेपाली भाषासँग सम्बन्ध टुटाउन खोजेको देखिन्छ। राष्ट्रिय जनगणनामा नेपालीका भाषिकालाई जुम्ली, हुम्ली, डोटेली, बझाङी आदि नाम लेखाई नेपाली मातृभाषीको सङ्ख्या घटाइएको छ। वास्तवमा ती सबै खस भाषा वा नेपाली भाषाका भाषिक भेद मात्र हुन्, छुट्टै भाषा होइनन्।

कनकपत्र, ताम्रपत्र, शिलापत्र आदिमा कुनै महत्त्वपूर्ण विषय लेख्ने वा कोप्ने कार्यलाई अभिलेखन भनिन्छ। पण्डित वा ज्योतिषहरूले लेखी दिएको सामग्रीलाई टमोटाहरूले अक्षरका रूपमा कोप्ने वा खोप्ने काम गर्दथे। त्यसरी खोपिएका सामग्रीलाई अभिलेख भनिन्छ। अभिलेख राख्न लगाउने कार्य नै अभिलेखन हो। प्राचीन नेपाली अभिलेखनको अध्ययनमा अनेकौँ समस्याहरू देखिएका छन्। ती समस्यालाई यहाँ अध्ययनमा देखापरेका चुनौती मानिएको छ। नेपाली अभिलेखको अध्ययन गर्दै जाँदा समस्या समाधानका उपाय पनि देखिँदा रहेछन्। समस्या फुकाउने कुरालाई यहँ निकास भनी अध्ययनलाई अगाडि बढाइएको छ। नेपाली भाषाको अभिलेखन कार्य वि.सं. ११५१ बाट सुरु भएको छ भने खससाम्राज्यको विघटन वा पन्ध्रौँ/सोह्रौँ शताब्दीदेखि नेपाली भाषाको मध्यकाल सुरु हुन्छ। यो आलेख प्राचीन नेपाली अभिलेखनको भाषिक सर्वेक्षण र त्यहाँ देखिएका चुनौती तथा तिनको उचित निकासलाई केन्द्रमा राखी प्रस्तुत गरिएको छ।

## समस्याकथन र उद्देश्य

नागराजका वंशज वा सिंजाका शासकहरूले जनसाधारणले बोल्ने खस भाषालाई राजकीय मान्यता दिई सम्मान प्रकट गरे। शासकहरू आफ्ना आदेशहरू अभिलेख टङ्कण गर्न लगाएर दुनियाँसामु पुऱ्याउने र सुरक्षित राख्ने कार्यमा जुट्न

थाले । टमोटाले सही तरिकाले अक्षर टङ्कण गर्न नजान्नु, लिपि प्राचीन रहनु, अभिलेख सुरक्षित राख्न नसक्दा टुटफुट हुनु आदि कारणले गर्दा प्राचीन नेपाली अभिलेखनको अध्ययनमा अनेकौँ समस्याहरू देखिएका छन् । यस आलेखमा निम्न समस्याहरू किटान गरिएको छ -

(क) खससाम्राज्यका नेपाली भाषाको अभिलेखनको के कस्तो अध्ययन भएको छ ?

(ख) खससाम्राज्यका नेपाली भाषाको अभिलेखन अध्ययनमा के कस्ता चुनौतीहरू छन् र तिनको निकास के हुन सक्छ ?

प्रस्तुत आलेख माथिका समस्या समाधानमा केन्द्रित रहेको छ। यस कार्यको उद्देश्यलाई निम्नबमोजिम प्रस्तुत गरिएको छ -

(क) खससाम्राज्यका नेपाली भाषाको अभिलेखनको भाषिक कोणबाट सर्वेक्षण गर्नु,

(ख) नेपाली भाषाको अभिलेखन अध्ययनका चुनौती पहिचानु गर्दै तिनको निकास प्रस्तुत गर्नु ।

## अध्ययनको विधि

यस आलेखका लागि आवश्यक पर्ने सैद्धान्तिक ज्ञान तथा आवश्यक अभिलेख प्राप्तिका लागि पुस्तकालयबाट द्वितीयक सामग्री सङ्कलन गरिएको हो । सङ्कलित सामग्रीलाई निगमनात्मक तथा वर्णनात्मक विधिबाट व्यवस्थित गरिएको छ। प्राचीन नेपाली अभिलेखहरूमा भएको भाषा, समय, विषयक्षेत्र आदिको सर्वेक्षण गर्दै विषयविज्ञ तथा लिपिविज्ञसँग छलफल गरी तत्कालीन भाषाको स्वरूप र संरचना पहिचान गर्दै त्यसको अर्थतात्त्विक अध्ययनलाई समेटेर आलेखलाई पूर्णता दिइएको छ । अभिलेखन अध्ययनमा देखिएका चुनौतीका बुँदालाई अनुच्छेदमा प्रस्तुत गरिएको छ भने त्यस्ता चुनौतीको निकास पहिचान गर्दै बुँदागत रूपमा विवेचना गरिएको छ ।

खससाम्राज्यका शासकहरूले सुरुआत गरी विकास गर्न लागेको प्राचीन नेपाली अभिलेखन कार्यलाई मात्र यहाँ अध्ययनको विषय बनाइएको छ। खससाम्राज्यको विघटनपछि लेखिएका अभिलेखलाई यहाँ समेटिएको छैन। प्राचीनकालीन नेपाली अभिलेखनको भाषिक कोण्बाट सर्वेक्षण, अभिलेखको अध्ययनमा देखिएका चुनौती र तिनको निरुपण वा समाधानको निकासमा यो आलेख सीमित छ। अन्य पक्षको अध्ययन नगर्नु यसको सीमा हो ।

## पूर्वकार्यको विवरण

प्राचीन नेपाली अभिलेखलाई विभिन्न समयमा विभिन्न विद्वान्हरूले तत्क्षेत्रमा गई सङ्कलन गरी प्रकाशित गरेका छन् । कतिपयले एउटै अभिलेखलाई पनि भिन्नभिन्न रूपमा उतारेको पाइन्छ । कुनैमा समयको विवाद छ भने कुनैको भाषिक रूप नै भिन्न छ। कुनै अनुसन्धाताले अभिलेखको मूल पाठ उतार गरेका छन् भने कुनै अनुसन्धाताले शब्दार्थ पनि प्रस्तुत गरेका छन् । पछिल्लो समयमा नेपाली अभिलेखमा विद्यावारिधि पनि भएका छन् । यहाँ अभिलेखको अध्ययनमा लागेका मुख्यमुख्य व्यक्ति र कृतिलाई समेटिएको छ, सम्पूर्णको खोजी गरिएको छैन ।

योगी नरहरिनाथले वि.सं. २०१३ मा 'इतिहास प्रकाश भाग १ र २' मा जितारि मल्लका वि.सं. ११५० का दुईटा ताम्रपत्र, वि.सं. १४१३ र १४१५ का पृथ्वीमल्लको दुईटा ताम्रपत्र प्रकाशमा ल्याएका छन् । त्यसैगरी योगीले वि.सं. २०२२ मा 'इतिहास प्रकाशमा सन्धिपत्र सङ्ग्रह' कृतिमा वि.सं १३९४ को पुण्यमल्लको ताम्रपत्र प्रकाशित गरेका छन्। त्यहाँ अभिलेखको मूलपाठ उतारिएको छ भने अन्य पक्षको चर्चा गरिएको छैन। बालकृष्ण पोखरेलले वि.सं. २०२० र २०४३

मा 'पाँच सय वर्ष' प्रकाशित गरी अन्य अनुसन्धाताले प्रकाशमा ल्याएका अभिलेखहरूको सम्पादन गरेका छन् । सम्पादनका क्रममा केही शब्दार्थ बोध गराएका छन् ।

मोहनप्रसाद खनालले वि.सं. २०३० मा 'मध्यकालीन अभिलेख' कृतिमा वि.सं.१३७८ को आदित्यमल्लको ताम्रपत्र र वि.सं. १३८५ का पुण्यमल्लका दुईटा ताम्रपत्र र वि.सं. १४४८ को अभयमल्लको ताम्रपत्र प्रकाशमा ल्याएका छन् । त्यसैगरी खनालले वि.सं २०६८ मा 'नेपाली भाषाका हजार वर्ष' कृतिमा वि.सं. ११५१ को वामु खँड्काको स्तम्भलेख, वि.सं. १३३८ को देवलदेवको शिलालेख, वि.सं. १३३९ को निरयपालको ताम्रपत्र प्रकाशित गरेका छन् । त्यहाँ नेपाली भाषाको पहिलो अभिलेख वामु खँड्काको स्तम्भलेख हो भनी चर्चा गरेका छन् । खनालले अभिलेखको मूल पाठ उतार्नुका साथै फोटा र केही टिप्पणी प्रस्तुत गरेका छन् ।

शङ्करमान राजवंशीले वि.सं. २०३१ मा 'प्राचीन नेपाल' कृतिअन्तर्गत 'ऐतिहासिक पत्रस्तम्भ' लेखमा वि.सं. १४४१ को नागमल्लको शिलालेख प्रकाशमा ल्याएका छन् । देवकान्त पन्थले वि.सं. २०३२ मा 'डोटेली लोकसाहित्य' प्रकाशित गरी वि.सं. १४१९ को निरयपालको ताम्रपत्र प्रस्तुत गरेका छन् । त्यसैगरी पूर्णप्रकाश नेपाल 'यात्री' ले वि.सं. २०३४ मा 'सेतीका तारा' कृतिमा वि.सं. ११४६ को सङ्ग्राममल्लको अभिलेख, वि.सं. १२५४ को भारशिवमल्लको अभिलेख, वि.सं. १३३६ को रिपुमल्लको आदेशपत्र, वि.सं २०३९ मा 'ग' 'वाणीसाधना' कृतिमा वि.सं. १३२७ को अक्षयमल्लको रजतपत्र, वि.सं. २०३९ 'ख' मा 'राजा गगनिराजको यात्रा' कृतिमा वि.सं. १४४४ को सन्तोषी ठाकुरका दुईटा कीर्तिस्तम्भ प्रकाशमा ल्याएका छन् । त्यसैगरी वि.सं. २०३९ 'क' मा प्रकाशित 'पच्चीस वर्षका भाषिक चर्चा' कृतिमा वि.सं. १०३८ को 'दामुपालको शिलालेख' प्रस्तुत गर्दै नेपाली भाषाको सर्वप्राचीन लेख भनी दाबी गरेका छन् । यो दाबी प्रमाणित हुन सकेन ।

गोविन्दप्रसाद भट्टराईले वि.सं २०३७ मा 'नेपाल र नेपाली' कृति प्रकाशित गरी वि.सं १४२४ को सूर्यमल्लको कनकपत्र प्रस्तुत गरेका छन् । सूर्यमणि अधिकारीले वि.सं. २०४३ मा 'पश्चिम नेपालको ऐतिहासिक अन्वेषण' कृतिमा वि.सं १३१२ को अशोकचल्लको स्तम्भ लेख, वि.सं. १४०६ को पृथ्वीमल्लको ताम्रपत्र, वि.सं. १४४६ को मलयवर्माको ताम्रपत्र प्रकाशमा ल्याएका छन् । त्यसैगरी अधिकारीले सन् १९७९ मा 'कन्ट्रिव्युसन टु नेप्लिज स्टडिज' कृतिमा वि.सं. १३७३ र १३७८ का आदित्यमल्लका दुईटा ताम्रपत्र प्रकाशित गरेका छन् । त्यसरी नै सन् १९९७ मा 'खस अधिराज्य' प्रकाशित गरी वि.सं. १४३३ का अभय मल्लका दुईटा ताम्रपत्र प्रस्तुत गरेका छन् । त्यहाँ मूल पाठ उतारिएको छ, अन्य पक्षको चर्चा गरिएको छैन ।

रमेशजङ्ग थापाले वि.सं. २०४३ मा 'प्राचीन नेपाल' कृतिअन्तर्गत 'ऐतिहासिक पत्रस्तम्भ' मा वि.सं. १३३७ को अक्षयमल्लको शिलालेख छपाएका छन् । राजाराम सुवेदीले सन् १९७९ मा 'कन्ट्रिव्युसन टु नेप्लिज स्टडिज' कृतिमा वि.सं. १३७३ को आदित्यमल्लको ताम्रपत्र, वि.सं. १४२९ को हरिब्रह्मठाकुरको ताम्रपत्र, वि.सं. १४३४ को अभयमल्लका दुईटा ताम्रपत्र, वि.सं. १४४७ को उदयसिंहको ताम्रपत्र प्रकाशित गरेका छन् । वासुदेव पाण्डेले वि.सं २०५६ भाद्र २६ गतेको 'कान्तिपुर राष्ट्रिय दैनिक' मा वि.सं. १४४१ को अजयमेरकोटको अभिलेख प्रकाशित गरेका छन् भने वि.सं २०६५ मा प्रकाशित 'लोकायन' मा वि.सं. १३७० को जगतीपालको ताम्रपत्र, वि.सं. १४११ र १४२७ निरयपालका दुईटा ताम्रपत्र प्रस्तुत गरेका छन् । आरडी प्रभास चटौत र राज्यलक्ष्मी चटौतले वि.सं. २०७० मा 'बेलाको बोली बखतको इतिहास' कृतिमा वि.सं १४४५ को नागमल्लको ताम्रपत्र प्रकाशित गरेका छन् ।

यमनाथ तिमिल्सिनाले वि.सं. २०६३ मा 'नेपाली अभिलेखीय शब्दको अध्ययन' शीर्षकमा विद्यावारिधि गरेका छन् । उक्त शोधप्रबन्धमा नेपाली अभिलेखहरूको अर्थतात्त्विक अध्ययन भएको छ । त्यसैगरी विदुर चालिसेले वि.सं.

२०६३ मा 'ऐतिहासिक अभिलेखका आधारमा नेपाली भाषाका व्याकरणक तत्त्वमा क्रमिक विकासको अध्ययन' शीर्षकमा विद्यावारिधि गरेका छन् । उक्त शोधप्रबन्धमा व्याकरणको क्रमिक विकास मात्र देखाइएको छ ।

नेपाली अभिलेखको सर्वेक्षण गरी त्यहाँ देखिने समस्या वा चुनौतीका बारेमा कहीँ कुनै अध्येताले अध्ययन गरेको पाइँदैन । अभिलेखन अध्ययनका चुनौतीको सामना गरी त्यसको निकास कसरी दिने भन्ने प्रश्नको खोजी भएको पाइँदैन । तसर्थ यस आलेखमा अभिलेखन अध्ययनको सर्वेक्षण गरी त्यसबाट उत्पन्न चुनौती प्रस्तुत गर्दै चुनौती सामना गर्ने उपाय वा समस्या समाधान गर्ने निकास दिने मूल उद्देश्यमा केन्द्रित रहेको छ ।

## नेपाली अभिलेखनको भाषिक सर्वेक्षण

यस शीर्षकमा नेपाली भाषामा लेखिएको पहिलो अभिलेखदेखि खससाम्राज्यको विघटन (वि.सं. १४४८) सम्मका नेपाली अभिलेखको भाषिक सर्वेक्षण गरी अध्ययनमा प्राप्त तथ्यलाई निम्न बमोजिम विभिन्न उपशीर्षकमा चर्चा गरिएको छ-

### नेपाली अभिलेखनको थालनी

संसारमा छ हजारभन्दा बढी भाषा अस्तित्वमा छन् । नेपालमा १२३ वटा भाषा प्रयोगमा भएको राष्ट्रिय तथ्याङ्क विभागले जनाएको छ। यी भाषामध्ये नेपाली भाषा नेपालको प्रमुख राष्ट्रभाषाका साथै राज्यसञ्चालनको भाषा पनि हो । नेपाली भाषा नेपालमा मात्र सीमित नरहेर विभिन्न देशमा पनि बोलिन्छ। नेपाली भाषाको सम्बन्ध भारोपेली भाषासँग जोडिएको छ। नेपाली भाषा भारोपेली परिवारको शतम् वर्गअन्तर्गत आर्य-इरानेली शाखाको आर्येली भेदमा पर्दछ (गौतम र चौलागाईं, २०६७ : पृ. ३७४) । आर्येली भाषाले सुरुदेखि अहिलेसम्म धेरै रूप फेरेको पाइन्छ। यही आर्येली भाषाबाट संस्कृत-प्राकृत हुँदै बिचमा अपभ्रंश भाषाहरू प्रयोगमा आएका छन् । तिनै अपभ्रंश भाषाबाट आधुनिक आर्य भाषाको विकास भएको हो । नेपाली भाषाको विकास खस अपभ्रंशबाट भएको हो । ब्राह्मी लिपिबाट विकसित देवनागरी लिपिमा नेपाली भाषा लेखिएको पाइन्छ ।

खारी प्रदेशका नागराजले खससाम्राज्यको स्थापना गरेपछि उनका उत्तराधिकारीहरूले राजकाजको भाषामा नेपाली (खस) भाषालाई जोड दिँदै आएको पाइन्छ। त्यसबेला बौद्धमार्गीहरू तिब्बती भाषा प्रयोग गर्दथे भने खस विद्वान्हरू संस्कृत भाषाको प्रयोग गर्दथे । खस भाषा जनसाधारणको बोलचालको भाषा मात्र थियो । खससाम्राज्यका शासकहरूले संस्कृत, तिब्बती र खस गरी तीनवटै भाषालाई अभिलेखमा समावेश गरेका छन् । एउटै अभिलेखमा पनि तीन वटै भाषा प्रयोग गरेको पाइन्छ । अभिलेखनको मूल मर्म जनसाधारणलाई बुझाउन नेपाली भाषा प्रयोग गरिएको बुझिन्छ । आधुनिक आर्य भाषाको लेखन प्रारम्भ र नेपाली भाषाको लेखनको सुरुआतमा करिब डेढ-दुई शतकको मात्र अन्तर देखिन्छ । आधुनिक आर्यभाषाको अहिलेसम्म पाइएको सबैभन्दा पुरानो नमुना दसौँ शताब्दीको चन्द्रवरदाइको 'पृथ्वीराज रासउ' हो (बिम्स, १८७२, पृ. १५-१६) । नेपाली भाषामा लेखिएको पहिलो अभिलेख दामुपालको शिलालेख (वि.सं. १०३८) हो भनी पूर्णप्रकाश नेपाल 'यात्री' ले पच्चीस वर्षका भाषिक चर्चा (२०३९) कृतिमा उल्लेख गरेका छन् तर यस अभिलेखलाई इतिहासकार तथा भाषाशास्त्रीहरूले प्रमाणित गरेका छैनन् । दामुपालको शिलालेखलाई वि.सं. १०३८ को हुन नसक्ने, तेह्रौ-चौधौँ शताब्दीको हुन सक्ने, प्रामाणिक नभएको भनी दाबी गर्ने काम 'पश्चिम नेपालको ऐतिहासिक अन्वेषण' (अधिकारी, २०४३, पृ. ४), 'नेपाली भाषा परिचय' (गौतम, २०४९, पृ. ४७), 'प्रज्ञा, अङ्क ९०' (पोखरेल, २०५६, पृ. १-१९) बाट भएको पाइन्छ। यात्रीले सेतीका तारा (वि.सं. २०३४) कृतिमा वि.सं ११४५ को सङ्ग्राम मल्लको

अभिलेख र योगी नरहरिनाथले इतिहास प्रकाश भाग २ अङ्क १ (२०१३) मा वि.सं. ११५० मा जितारिमल्लका दुईटा अभिलेख प्रकाशित गरेका छन् । उक्त अभिलेखलाई पनि विद्वान्हरूले अप्रमाणित भन्दै आएका छन् । मोहनप्रसाद खनालले नेपाली भाषाका हजार वर्ष (वि.सं. २०६८) कृतिमा वि.सं ११५१ को वामु खँड्काको स्तम्भलेख प्रकाशमा ल्याएका छन् । यही स्तम्भलेखबाट नेपाली भाषामा अभिलेखनको सुरुआत भएको मानिन्छ। अनुसन्धाताले दाबी गरेको र इतिहासकार हरूले अप्रमाणित नभनेको नेपाली भाषाको पहिलो लेख्य रूप यही हो। जसको मूल पाठ यसप्रकार रहेको छ (खनाल, २०६८, पृ. १७) -

१. स्वस्ति। श्री सा -

२. के १०१६ पि -

३. छयक वामु ष -

४. डगहाको की -

५. तिं षंभ ॥ शुभ ॥

यसपछि नेपाली भाषामा लेखिएको वि.सं. १३१२ को अशोकचल्लको स्तम्भलेखको भाषिक नमुना यस्तो छ (अधिकारी, २०४३, पृ. ५) -

ॐ नमो बुधायेः । स्री असोकचल्लदेव स्चिरंजयतु । सउना कार्कि साउका कर्क्यानिको देवलः ।

यसपछि खससाम्राज्यका शासकहरूले विभिन्न विषयमा अभिलेखन गरेका छन् ।

**खससाम्राज्यका नेपाली अभिलेखनमा उठाइएका विषय सन्दर्भहरू**

खससाम्राज्यका अभिलेखहरू ७५ प्रतिशत तामाका पातामा र २५ प्रतिशत ढुङ्गामा कोपिएका छन् भने थोरै कनकपत्र पनि छन् . खस शासनकालका अभिलेखहरूलाई निम्न चार समूहमा बाँडी चर्चा गरिएको पाइन्छ -

१. राजाज्ञा वा राजकीय पत्र - यस्ता पत्र तामाका पातामा लेखिएका छन् ।

२. वंशावली वा प्रशस्ति - यिनमा संस्कृत भाषाको बढी प्रयोग भएको छ भने नेपाली भाषा पनि मिसाइएको छ। यस्ता कुरा ढुङ्गे खाँबा (कीर्तिस्तम्भ) मा लेखिएका छन् ।

३. दानदातव्य - यिनको उठान संस्कृत भाषामा र पेटबोली नेपाली भाषामा लेखी अन्त्यमा धर्मशास्त्रका सूक्ति संस्कृतमा राखिएको पाइन्छ।

४. भाइभारदार एवम् जनसाधारणद्वारा स्थापित शिलालेख - यिनमा सुरुमा 'ॐ स्वस्ति, श्री शाके ... छोटो व्यहोरा नेपालीमा लेखी तल 'शुभम्' लेखिएको पाइन्छ। यस्ता शिलालेख कीर्तिस्तम्भ, वीरस्तम्भ र देवल वा स्तम्भ गरी तीन प्रकारका भेटिएका छन् ।

विषय सन्दर्भका आधारमा खससाम्राज्यका नेपाली अभिलेखहरूलाई मोटामोटी रूपमा आठ भागमा बाँड्न सकिन्छ। जुन यसप्रकार छन् - जग्गा बिर्ता र कर मिनाहसम्बन्धी अभिलेख, मठमन्दिरसम्बन्धी अभिलेख, ग्रन्थ/ग्रन्थांशसम्बन्धी अभिलेख, विजयस्तम्भसम्बन्धी अभिलेख, सीमारेखासम्बन्धी अभिलेख, वंशावलीसम्बन्धी अभिलेख, अर्तीउपदेशसम्बन्धी अभिलेख र व्यापारसम्बन्धी अभिलेख। यसै समयमा नेपाली भाषामा लेखिएको एउटा मात्र ग्रन्थ भेटिएको छ। बालकृष्ण पोखरेलले पाँच सय वर्ष (२०२०, २०४३) मा ज्योतिष विषयमा लेखिएको 'भास्वती' ग्रन्थको समय वि.सं १३९० तिर भनेका छन् भने दयाराम श्रेष्ठ र मोहनराज शर्माले नेपाली साहित्यको सङ्क्षिप्त इतिहास (२०३४) मा भास्वतीको समय वि.सं. १४५७ तिर मानेका छन् ।

**नेपाली अभिलेखनका विशेषताहरू**

नेपाली अभिलेखीय शब्दको अर्थतात्त्विक अध्ययन गर्दा खससाम्राज्यका अभिलेखनमा भेटिएका विशेषताहरू यसप्रकार छन् (तिमिल्सिना, २०६३, पृ. ८५-८८) -

- 'ए' का ठाउँमा 'ऐ' लेखिएको, जस्तै :- ऐक = एक, ऐकत्र = एकत्र, ऐकादश्यां = एकादश्यां ।
- 'ऐ' का ठाउँमा 'अै' लेखिएको, जस्तै :- अैले = अहिले, अैस्वार्जे = ऐश्वर्य ।
- चन्द्रबिन्दु र शिरबिन्दुको जथाभावी प्रयोग, जस्तै : अक्याँ/अक्यां, कुँवर/कुंवर, भँडारी/भंडारी ।
- पञ्चम वर्णका ठाउँमा अनुस्वारको प्रयोग, जस्तै :- उनंतीस = उनन्तीस, कुभिंडो = कुभिण्डो
- 'ख' का ठाउँमा 'ष' वर्णको प्रयोग, जस्तै :- षर्क = खर्क, षर्च = खर्च, षबर = खबर ।
- 'छ' वर्णका ठाउँमा 'क्ष' वर्णको प्रयोग, जस्तै :- क्ष = छ, क्षन् = छन्, क्षोरो = छोरो ।
- 'य' वर्णका ठाउँमा 'ञ' वर्णको प्रयोग, जस्तै :- ञहाँ = यहाँ, आञाँ = आएँ ।
- पाठदोष भएको शब्दहरू, जस्तै :- अनेता= अन्यथा, पन्न = पन्त, पद्राम् = पत्र म् ।
- सङ्कर संस्कृतको प्रयोग, जस्तै :- तिरादस्यां = त्रयोदश्यां, पंचम्या = पञ्चम्याम्, परवो धाविक = परम धार्मिक ।
- पदयोग र पदवियोगमा बेवास्ता, जस्तै :- चुमावं = चुमा वन, अैजमी र= अजैमीर ।
- ध्वनिपरिवर्तन, जस्तै :- ओढो = ओरो = ओर = वर, अरनु = अर्नु = गर्नु ।
- शब्द एक रूप अनेक, जस्तै :- इजडि = इजडी, इजरी = इजारी = इजर आदि ।
- आधुनिक नेपालीमा नभएका विभिन्न विभक्तिहरूको प्रयोग, जस्तै :- 'को' विभक्तिको सट्टा 'क' (षोलाक = खोलाको), 'को' को सट्टा कि (कनकपत्रकि = कनकपत्रको), 'को' को सट्टा क्य (जक्य = जसको), 'ले' विभक्तिको सट्टा 'सै' को प्रयोग, जस्तै : कृपासै = कृपाले, 'ले' को सट्टा 'शो' (जुगुतिशों = युक्तिले), 'मा' विभक्तिको सट्टा 'हुनि' (खयाहुनि = खाएमा) ।
- विभिन्न परस्थानिकको प्रयोग, जस्तै : हर = पछि (खाइहर = खाएपछि), थि = सँग (हामुथि = हामीसँग), होइ = भन्दा (गर्नियाहोइ = गर्नेलाई भन्दा), सुदा = समेत (षेतसुदा = खेतसमेत) ।
- 'य' वर्णका ठाउँमा 'ज' वर्णको प्रयोग, जस्तै :- जुवराज = युवराज, जोग्य= योग्य ।

खससाम्राज्य विघटन हुनु (वि.सं. १४४८) पूर्वको नेपाली भाषामा यस्ता अनेकौँ विशेषताहरू देख्न सकिन्छ। सिंजाली लिपिको प्रयोग भएका कारण कतिपय वर्णहरूको पहिचान गर्न कठिनाई उत्पन्न भएको पाइन्छ ।

**नेपाली अभिलेखनमा प्रयुक्त चोपिला शब्दहरू तथा उखान टुक्काहरू**

खसशासकहरूले टङ्कण गर्न लगाएका अभिलेखनमा ज्यादै छोटा र मिठा शब्दहरू पाइन्छन् . त्यस्तै नेपाली उखान र टुक्काको पनि प्रयोग भएको छ . यहाँ केही शब्दार्थ र उखान तथा टुक्कालाई नमुनाका ¿kमा प्रस्तुत गरिएको छ -

**छोटा तथा मिठा शब्दहरू र तिनको अर्थ**

| शब्द | अर्थ |
|---|---|
| अधालो | आधा खेत (५० मुरी बिजन भएको) |
| अहेडि | कृषि, पशुपालन र सिकार वृत्ति गरी जीवनयापन गर्ने प्रजाति |
| अकर | कररहित गर्नु, तिरो नलाग्ने |

| | |
|---|---|
| अक्रनु | अर्नु/गर्नु |
| अडै | राजकीय जमिनको प्रबन्धक |
| अपुताली | निसन्तानले राज्यलाई तिर्ने कर |
| आलो | खेत |
| इजडी | जडीबुटी विशेष र त्यसमा लाग्ने कर |
| कटककुँड | बन्दीहरूबाट कारगार सजायको सट्टा लिइने रकम |
| कडितो | वन्यजन्तु पैदावार कर |
| कुडिदाम | उच्च वर्गका व्यक्तिले सामन्तलाई तिर्ने धुरीकर |
| खड्गाह | खड्ग हान्न जान्ने व्यक्ति वा अङ्गरक्षक |
| गडाली | नदी तारेबापत लिएको रकममध्येबाट माझीले सरकारलाई बुझाउने कर |
| चौनी | दुध, दही, घ्यू आदिमा लाग्ने कर |
| जन्मौती | जन्मपत्रिका अर्थात् चिना |
| जाड | तिब्बती मूलको जाति, भोटे |
| जोइसी | ज्योतिष |
| थर्पु | अस्थायी शिविर |
| देवल | मन्दिर |
| पसा | निगाह |
| पसाभै | निगाह गरी जारी गरिएको छ |
| पिठु | घट्ट चलाउने व्यक्तिले बुझाउने कर |
| पुलो | सामान्य व्यक्तिले सामन्तको खेत रोप्दा सघाउने काम |
| बेठ | ज्यालाविनाको काम |
| भँडारी | अर्थमन्त्री, सरसामानको जिम्मा लिने व्यक्ति |
| भाष | आज्ञा, आदेश, व्यहोरा |
| भुच | भोगचलन गर्नु |
| मुडाली | बोकाको टाउको उपहार दिने कर |
| मुदपात | राजाको छाप लागेको कागज |
| मौनी | फलफूल कर |
| राई/राय | राजा |
| रेष | साँधसिमाना |
| रैका | स्थानीय सामन्त |
| विंत्यारु | विन्ती गर्ने व्यक्ति अर्थात् निवेदक |
| विरषंभ | वीरगति प्राप्त गरेका व्यक्तिको सम्झनामा राखेको खाँबो |
| विष्ट | मन्त्री, मालिक |
| षंभ | खाँबो |

| | |
|---|---|
| षस | ब्राह्मण, क्षेत्री, सन्यासी, ठकुरी आदि जाति |
| सुदि | शुक्लपक्ष |
| हितान | राजाको सल्लाहकार |

**खससाम्राज्यका अभिलेखनमा उल्लेख भएका केही उखानहरू** (तिमिल्सिना, २०६३, पृ. ९५-१०१)

१. आकाशको ढिडो पातालकि निध = जमिनमाथि फल्ने र जमिनमुनि फल्ने वा हुने (खेतीपाती, फलफूल, कन्दमूल, खनिज आदि) सम्पूर्ण कुराहरू

२. जो ब्रम दाउदे सो वाफ् घाउ दे = जसले ब्राह्मण जातिलाई छलकपट गर्छ त्यसले आफ्नै बाबुलाई पनि चोट पुऱ्याउँछ

३. लेककि इजडि गाडकि वगडि = लेकको जडीबुटीसमेत सबै कुरा र खोलामा बगेर आएका काठदाउरा, गिटी-बालुवा, ढुङ्गा आदि गाडधन सबै ।

४. सर्व कर अकर, सर्व दोष शुद्ध = सम्पूर्ण कर माफ गरी सबै खालका गल्ती सच्चाई अघि बढ्नु

५. सैँचुको सोद्धो वर्सिको डंडो = गाउँको मुख्य व्यक्तिलाई कुनै पनि काम गर्दा सोध्नु अनि वर्षभरिको दण्ड पनि तिर्नु

**खससाम्राज्यका अभिलेखनमा प्रयुक्त टुक्काहरू** (तिमिल्सिना, २०६३, पृ. १०१-१०४)-

१. किर्ति घालि = नाम चलाएर बस्नु ।

२. टिका ढोया = टीको दिनु वा विभूषित गर्नु ।

३. डोलि डोको चलाइदिनु = मर्दापर्दा काम चलाउनु वा सघाउनु ।

४. दोहोली करि = ब्राह्मण वा साधुलाई जग्गा दान दिनु ।

५. पुन्य घालि = धर्म गरेर ।

६. भाष करि = नियम बाँध्नु ।

७. मया चितोइ = निगाह गर्नु ।

## नेपाली अभिलेखन अध्ययनका चुनौतीहरू

नेपाली अभिलेखनको सुरुविन्दुदेखि वि.सं. १४४८ (खससाम्राज्यको विघटन) पूर्वका नेपाली अभिलेखहरूको अध्ययन गर्दा विभिन्न चुनौतीहरूको सामना गरिएको छ । खससाम्राज्यका शासकद्वारा टङ्कण गराइएका अभिलेखनका मूल समस्याहरू यसप्रकार रहेका छन् -

खससाम्राज्यका नेपाली अभिलेखहरूमा टङ्कण समय नमिल्नु सबैभन्दा ठुलो चुनौती हो । प्राचीन नेपाली अभिलेखनमा अनुसन्धाताले दाबी गरेको समय वा तिथिमिति विवादास्पद रहेको पाइन्छ । अभिलेखनको सुरुतिरका अभिलेखमा यो समय जटिल देखिन्छ । पूर्णप्रकाश नेपाल 'यात्री' ले सर्वप्राचीन नेपाली अभिलेख वि.सं. १०३८ को भनेर दामुपालको दुल्लुमा प्राप्त शिलालेखको दाबी गरेका छन् तर इतिहासकार र भाषाशास्त्रीहरूले यसमा प्रयोग भएको भाषाको अध्ययन गरी यो अभिलेख त तेह्रौं-चौधौं शताब्दीतिरको हुन सक्ने भनेर यात्रीको दाबीको खण्डन गरेका छन् । यात्रीले नै सेतीका तारा (२०३४) मा वि.सं. ११४६ को सङ्ग्राममल्लको र वि.सं. १२५४ को भारशिवमल्लको अभिलेख प्रकाशमा ल्याएका छन् तर इतिहासकाहरूले दुवै अभिलेख चौधौं शताब्दतिरका हुन भनेका छन् । त्यसैगरी योगी नरहरिनाथले

इतिहास प्रकाश (२०१३) मा वि.सं. ११५० का जितारिमल्लका दुईटा अभिलेख प्रकाशित गरेका छन् तर ती अभिलेख पनि नागराजको वंशावलीमा मेल नखाने भनेर इतिहाकारहरूले त्यस समयका नभएर अझै पछिल्लो समयका हुन् भनेका छन् । त्यस्तै वि.सं. १३१२ को अशोकचल्लको ताम्रपत्र भनी मोहनप्रसाद खनालले गोरखापत्र (२०३४ असार १७ गते) मा प्रकाशित गरेका छन् तर खनालले थप पुष्टि गरेका छैनन् । बिचबिचका समयमा टङ्कण गरिएका अभिलेखमा पनि समयको विवाद कायमै रहेको पाइन्छ । त्यसैगरी प्रेम छोटाले कान्तिपुर (२०६२ मङ्सिर २५ गते) मा 'आठौँ शताब्दीको वसन लिपि' शीर्षकमा म्याग्दीको राखुमा फेला परेको भनी वि.सं. ७०० को दाबी गरेको लेख प्रकाशित गरे तर भाषा हेर्दा त्यो पनि वि.सं. १७०० भन्दा पछिको जस्तो देखिन्छ । यसरी हेर्दा खससाम्राज्यका नेपाली अभिलेखनको तिथिमितिमा समस्या देखिएको छ । यस आलेखमा समयको विवाद कायम हुनुलाई प्रमुख चुनौती मानिएको छ ।

खससाम्राज्यका नेपाली अभिलेखहरूमा दोस्रो चुनौतीका रूपमा अभिलेखनको उतार रहेको पाइन्छ । प्राचीन नेपाली अभिलेखको अध्ययन गर्दा खससाम्राज्यका शासकहरूले कुनै महत्त्वको काम गरेपछि पण्डित वा ज्योतिषलाई अभिलेखन गर्ने भाषा लेख्न लगाउँदा रहेछन् भन्ने थाहा हुन्छ । पण्डित वा ज्योतिषले लेखिदिएको भाषा टमोटा (शिला वा धातु खोप्ने व्यक्ति) ले नबुझ्दा वा टमोटामा आवश्यक भाषिक ज्ञान नहुँदा जे खोप्नुपर्ने थियो त्यो नखोपिएको पनि हुन सक्ने देखिन्छ । कतिपय अभिलेख टुटेफुटेका कारण पनि बिचबिचको भाषांश छुटेर अभिलेख उतारमा समस्या झेल्नु परेको देखिन्छ । प्राचीन देवनागरी लिपि वा सिंजाली लिपिको ज्ञान नभएका व्यक्तिले मूल स्रोतबाट अभिलेखनको भाषा उतार गर्दा पनि गलत भएको हुन सक्छ । कतिपय अभिलेखको भाषा शुद्धसँग पढ्न नजानी अड्कलका भरमा उतारिएको हुनाले पनि अभिलेख उतारमा समस्या आएको देखिन्छ । कतिपय शोधकर्तामा नेपाली भाषाको राम्रो ज्ञान नहुँदा पदयोग र पदवियोगमा अल्मलिएर अनुमानका भरमा अभिलेख उतारेका छन्, जुन अभिलेखको उतार पढ्नै सकिँदैन वा अर्थ नै लाग्दैन । यस आलेखमा अभिलेख उतारमा भएको गडबढीलाई दोस्रो चुनौतीका रूपमा हेरिएको छ ।

खससाम्राज्यका नेपाली अभिलेखहरू कर्णाली प्रदेशका विभिन्न ठाउँमा पाइएकाले तिनमा स्थानीय भाषिक भेद (भाषिका) को प्रभाव बढी देखिन्छ । स्थानीय मान्छेले राजाज्ञा सजिलै बुझ्न भनी ठाउँअनुसारको नेपालीको कथ्य भेद प्रयोग गरिएको पाइन्छ । विभिन्न भाषिकामा लेखिएकाले पनि प्राचीन अभिलेखहरू सजिलै बुझ्न गाह्रो परेको छ । एउटा अभिलेखका शब्दको अर्थ अर्को अभिलेखमा मेल नखाने गर्छ । यस्तो हुनु पनि नेपाली अभिलेखन अध्ययनको तेस्रो चुनौती हो । अनुसन्धाताले मानक नेपालीमा मात्र अभिलेखको उतार गर्न खोज्दा पनि अध्ययनमा समस्या रहेको पाइन्छ ।

अभिलेखमा टङ्कण गरिएका शब्दहरूको अर्थ निर्धारणमा पनि समस्या देखिएको छ । एउटै शब्दको अर्थ ठाउँअनुसार भिन्न भएकाले पनि अभिलेखको अर्थ निर्धारणमा चुनौती थपिएको छ । अग्रज विद्वान्हरूले कतिपय शब्दका अलगअलग अर्थ दिएका छन् । कुन अर्थ ठिक छ भनी छुट्याउन पनि कठिनाइ भएको छ वा अभिलेखीय शब्दको वास्तविक अर्थ कुन हो भनी किटान गर्न गाह्रो परेको छ । अभिलेख जुन क्षेत्रमा लेखिएको छ, त्यहीँको भाषिका जान्ने व्यक्तिसहितको उपस्थितिले अभिलेखको अध्ययनलाई जति वस्तुगत बनाउन सक्छ, सामान्य पाठकका लागि अभिलेखीय भाषाको अर्थनिर्धारण त्यति सरल र सहज हुँदैन । यो पनि अभिलेखन अध्ययनको अर्को चुनौती हो ।

खससाम्राज्यका नेपाली अभिलेखमा संस्कृत, तिब्बती र खस (नेपाली) भाषाको मिश्रित प्रयोग पाइन्छ । विभिन्न भाषाको प्रयोगले अभिलेखन कार्यलाई झन् जटिल बनाएको छ । एउटा मात्र भाषाको ज्ञान भएका पाठकले प्राचीन नेपाली अभिलेखको भाषा बुझ्न सक्दैनन् । यो पनि अर्को चुनौती हो । भाषाको ज्ञानविनाको मूल पाठ उतार गर्दा धेरै समस्याहरू सँगसँगै आएको पाइन्छ ।

प्राचीन नेपाली अभिलेखमा एउटै शब्दका अनेकौँ रूपहरू भेटिएका छन् । विभिन्न अभिलेखमा प्रयुक्त उखान,

टुक्का र पद तथा पदावलीमा भाषिक एकरूपता पाइँदैन । अभिलेखमा एउटै शब्दलाई पनि अनेक रूपमा टमोटाले खोपेको पाइन्छ । उस्तैउस्तै तर भिन्न शब्दको अर्थ उही हो वा अन्य केही हो भनी ठम्याउन गाह्रो भएको छ । धेरै ठाउँमा वर्णविन्यासगत अनेकरूपताले पनि अन्योल सिर्जना गरेको पाइन्छ । त्यसैगरी सङ्कर संस्कृत र पदयोग तथा पदवियोगको वेमेल प्रयोगले पनि अभिलेखनको अध्ययनमा चुनौती थपी जटिल बनाएको पाइन्छ ।

खससाम्राज्यका नेपाली अभिलेखनको अध्ययनमा व्यक्तिले तत्क्षेत्रमा गई मूल पाठ हेरी निष्कर्ष निकाल्न आर्थिक चुनौती देखापर्छ । अभिलेखको व्यवस्थित रूपमा अध्ययन गर्ने हो भने विवादास्पद र अस्पष्ट अभिलेख भएकै क्षेत्रमा अनुसन्धाता पुग्नु आवश्यक हुन्छ । अस्पष्टता हटाउन आवश्यक विज्ञको टोली पनि तत्क्षेत्रमा गई प्रत्यक्ष अवलोकन गरी वास्तविकता पत्ता लगाउनुपर्दछ । यस्तो कुरा व्यक्ति प्रयासबाट सम्भव हुँदैन । यो पनि अभिलेखन अध्ययनमा चोटिलो बनेको चुनौती हो ।

माथि उल्लेख गरिएका समस्याසँग जुध्दै अनुसन्धाता अघि बढ्नुपर्ने हुन्छ । यस्तो कुरा व्यक्तिगतभन्दा संस्थागत हुनु राम्रो हो तर नेपालमा अनुसन्धाताले मनमा लागेर पनि आर्थिक कठिनाइ र समयको अभावले गर्दा कतिपय काम गर्न चाहेर पनि पूरा गर्न सक्दैन ।

## खससाम्राज्यका नेपाली अभिलेखन अध्ययनको चुनौतीको निकास

अध्ययन अनुसन्धानमा खट्ने मान्छे चुनौतीदेखि भाग्नु हुँदैन । अभिलेखन अध्ययनमा देखिएका चुनौतीको उचित समाधान गर्ने उपायको खोजी गर्दै अनुसन्धाता अगाडि बढ्नुपर्छ । कामले काम सिकाउँछ भनेझैँ अध्ययन गर्दै जाँदा देखिएको समस्या वा चुनौती हटाउने उपाय वा निकास पनि त्यहीँ मेट्न सकिन्छ । भनिन्छ, सबै समस्याको समाधान हुन्छ, समाधान हुनै नसक्ने कुनै समस्या हुँदैन । नेपाली अभिलेखनको अध्ययनमा देखिएका चुनौतीहरूलाई सामना गर्दै उचित निकास दिनु अनुसन्धाताको कर्तव्य हो । यस आलेखमा नेपाली अभिलेखन अध्ययनका चुनौतीको निकासलाई देहायबमोजिम प्रस्तुत गरिएको छ -

खससाम्राज्यका नेपाली अभिलेखनको अध्ययनका चुनौतीको सामना गर्न वा निकास दिन तिथिमितिमा भएको विवाद सामूहिक निर्णयबाट हटाउनुपर्छ । एउटा व्यक्तिले गरेको निर्णय सबैलाई मान्य नहुन सक्छ । त्यसैले विज्ञहरूको सामूहिक निर्णयबाट अभिलेखनको तिथिमिति प्रमाणित गर्नुपर्छ । तिथिमिति नमिलेका वा विवादमा रहेका नेपाली अभिलेखलाई स्थलगत अध्ययन भ्रमण गरी भाषाशास्त्री, लिपिविज्ञ र इतिहासकारका विज्ञटोलीको सामूहिक निर्णयबाट निकास दिनुपर्छ । यसो गरेमा नेपाली भाषाको पहिलो अभिलेखन कुन हो र त्यसमा रहेको अर्थ के हो जस्ता कुराको छिनोफानो हुन जान्छ । त्यसैले विवादास्पद अभिलेखनको कालनिर्णयको अधिकार कुनै व्यक्तिले होइन, समूहले लिनुपर्छ । सामूहिक वा संस्थागत निर्णयले मात्र समस्याको निकास दिन सक्छ ।

अभिलेख उतारमा देखिएका समस्या वा चुनौतीको निकास पनि विज्ञबाट दिन सकिन्छ । जुन जुन अभिलेख उतारमा समस्या छन् तिनै तिनै अभिलेखलाई अध्ययनको विषय बनाई प्राचीन देवनागरी लिपिविज्ञ, भाषाशास्त्री र इतिहासकार हरूको संयुक्त प्रयासबाट उचित समाधान खोज्नुपर्छ । लिपिविज्ञले लिपिका कारण उत्पन्न चुनौतीको सामना गर्न सक्छन्, भाषाशास्त्रीले भाषामा देखिएका अस्पष्टता हटाउन सक्छन् भने इतिहासकारले ऐतिहासिक सन्दर्भमा अभिलेखको महत्त्व पहिचान गर्न सक्छन् । त्यसैले अभिलेखमा रहेका यावत समस्यालाई सम्बन्धित विषयको विज्ञबाट निकास दिन सक्नुपर्छ । एउटै व्यक्तिले सबै कुराको छिनोफानो गर्न सक्दैन तर हाम्रो परिवेशमा यही भइरहेको पाइन्छ । अब विषयविज्ञलाई महत्त्व दिएर उनैको सक्रियतामा चुनौतीको निकास खोज्नुपर्छ ।

नेपाली अभिलेखन कार्यमा विभिन्न ठाउँको स्थानीय बोली (भाषिका) ले स्थान पाएको हुँदा भाषिका जान्ने व्यक्तिबाट भाषिकाका कारण उत्पन्न समस्या वा चुनौतीको सामना गर्नुपर्छ। अभिलेख कुन ठाउँमा छ, त्यसको कथ्य भाषिक रूप वा भाषिका कस्तो छ अध्ययन गरेर मात्र अभिलेखनको अध्ययन गर्नु राम्रो हुन्छ। भाषिकाविज्ञ वा सम्बन्धित भाषिकाको आदर्श वक्ताको सहयोगबाट मात्र भाषिकाबाट उत्पन्न समस्या हल गर्न सकिन्छ। प्राचीनकालीन नेपाली भाषाका अभिलेख कर्णाली प्रस्रवण क्षेत्रमा रहेकाले सोही क्षेत्रको भाषिका जान्ने व्यक्ति वा सम्बन्धित भाषिकाको विज्ञको सहयोगमा अभिलेखको अर्थतात्त्विक अध्ययन गर्न सकिन्छ। नेपाली अभिलेखहरूमा भाषिकाको ज्यादै प्रभाव पाइएको छ। स्तरीय वा मानक नेपालीसँग मेल नखाने धेरै शब्दहरू अभिलेखमा रहेका छन्। जुन अभिलेख जहाँ छ, त्यही ठाउँका आधारमा भाषिकाको खोजी गर्दा धेरैजसो समस्या समाधान हुन्छन्। भाषिकाका कारण उत्पन्न चुनौतीलाई हटाउन भाषिकाका जानकार व्यक्तिको सहयोग आवश्यक हुन्छ। यसो गरेमा भाषिकागत चुनौतीको पनि निकास दिन सकिन्छ। एउटै व्यक्तिले सबै टुङ्गो लगाउन खोज्नु हुँदैन। सम्बन्धित विषयका विज्ञबाट सहयोग जुटाउनुपर्छ।

नेपाली अभिलेखनमा मिश्रित भाषाको प्रयोगका कारण पनि धेरै समस्या आएका छन्। मिश्रित भाषाबाट उत्पन्न चुनौतीको सामना गर्न जुन जुन भाषा प्रयोग गरिएको छ तिनै तिनै भाषाका विज्ञ लगाउनुपर्छ। नेपाली अभिलेखनको वास्तविक अध्ययन गर्ने हो भने संस्कृत, तिब्बती र नेपाली, नेवारी आदि भाषाका विशेषज्ञलाई जिम्मा दिनुपर्छ। यस्तो कार्य व्यक्ति प्रयासबाट भन्दा संस्थागत गर्नु राम्रो हुन्छ।

कतिपय समस्याको समाधान गर्न राष्ट्रले भाषिक नीति बनाई अघि बढ्नुपर्ने हुन्छ। भाषिक नीतिका साथै भाषिक योजना पनि कार्यान्वयन गर्नुपर्छ। व्यक्तिगत अध्ययन अनुसन्धानले टुङ्गो नलाग्ने ठाउँमा राष्ट्रले भाषानीति तथा भाषायोजना बनाएर सम्बन्धित विषयको विज्ञको सहयोगमा समस्या समाधान गर्नुपर्छ। राष्ट्रको लगानी र निर्देशन, विशेषज्ञको अनुसन्धान र वस्तुगत अध्ययनबाट प्राचीन नेपाली अभिलेखनमा देखिएका सारा समस्या वा चुनौतीको समाधन गर्न सकिन्छ। जटिल अवस्थामा रहेको विषयलाई निकास दिई अध्ययनको दायरामा ल्याउन सकिन्छ।

## निष्कर्ष

खारी प्रदेशका राजा नागराज राज्यविस्तारको अभियान लिएर हिउँदमा विचरण गर्ने क्षेत्र जडान तथा खसानमा आएको पाइन्छ। कर्णाली प्रदेशको जुम्लास्थित सिंजा उपत्यकालाई राजधानी बनाएर नागराजले खससाम्राज्यको स्थापना गरे। त्यहाँ उनका वंशज चाप, चापिल्ल, क्राशिचल्ल, क्राधिचल्ल, क्राचल्ल, अशोकचल्ल, जितारिमल्ल र आदित्यमल्ल जस्ता वीर र उत्साही राजाले राज्यसञ्चालन गरे। यिनै खस शासकहरूले नेपाली भाषालाई राजकीय मान्यता पनि दिए। बोलचालमा मात्र सीमित जनसाधारणको खस (नेपाली) भाषाले वि.सं. ११५१ मा अभिलेखनको मौका पायो। वामु खँड्काको स्तम्भलेखलाई नेपाली भाषाको पहिलो लिखित रूप मानिन्छ। यहीँबाट नेपाली भाषाले लेख्य रूप प्राप्त गरेको र विभिन्न समयमा विभिन्न व्यक्तिबाट अभिलेखनले निरन्तरता पाएको बुझिन्छ।

खससाम्राज्य वि.सं. १४४८ सम्म कायम रह्यो भने त्यसपछि विघटन हुन पुग्यो। खससाम्राज्यको विघटनले नेपाली भाषालाई झन् अगाडि बढायो। ठाउँठाउँका सामन्त तथा भाइभारदारले अभिलेखनलाई निरन्तरता दिँदै आए। यस आलेखमा खससाम्राज्य विघटन हुनुपूर्वका अभिलेखनलाई मात्र अध्ययनको विषय बनाइएको छ। यहाँ खससाम्राज्यका नेपाली भाषाको अभिलेखनको भाषिक सर्वेक्षण खससाम्राज्यका नेपाली अभिलेखनका चुनौती पहिचान गर्दै तिनको निकास प्रस्तुत गरिएको छ। यस आलेखमा आवश्यक सामग्री पुस्तकालयबाट जुटाइएको हो। निगमनात्मक तथा वर्णनात्मक विधिका माध्यमबाट आलेखलाई पूर्णता दिइएको छ।

यस आलेखमा दामुपालको शिलालेख, जितारिमल्लका ताम्रपत्र, पृथ्वीमल्लका ताम्रपत्रहरू, पुण्यमल्लका ताम्रपत्रहरू, अभयमल्लको ताम्रपत्र, वामु खँड्काको स्तम्भलेख, निरयपालको ताम्रपात्र, नागमल्लको शिलालेख, भारशिवमल्लको अभिलेख, अक्षयमल्लको रजतपत्र, सन्तोषी ठाकुरको कीर्तिस्तम्भ, सूर्यमल्लको कनकपत्र, अशोकचल्लको स्तम्भलेख, मलयवर्माको ताम्रपत्र, आदित्यमल्लका ताम्रपत्रहरू, अभयमल्लका ताम्रपत्रहरू, अक्षयमल्लका ताम्रपत्रहरू, जगतिपालको ताम्रपत्र, नागमल्लको ताम्रपत्र आदिको भाषिक सर्वेक्षण गरी त्यहाँ देखिएको चुनौती र चुनौतीको निकास प्रस्तुत गरिएको छ ।

नेपाली अभिलेखनका विषय सन्दर्भहरू, विशेषताहरू, शब्दार्थ बोध, उखान र टुक्कालाई पनि सङ्क्षेपमा प्रस्तुत गरिएको छ । नेपाली अभिलेखनको अध्ययनमा देखिएका चुनौतीहरूमा अभिलेखको समय विवाद, अभिलेखनको उतारमा विविधता, अभिलेखनमा स्थानीय भाषिकको प्रयोगबाट उत्पन्न समस्या, शब्दका रूप अनेक तथा अर्थ पनि अनेक पाइनु, नेपाली अभिलेखनमा मिश्रित भाषाको प्रयोगबाट उत्पन्न चुनौती, लिपि वा वर्णविन्यासगत समस्या आदिलाई प्रस्तुत गरिएको छ । त्यसैगरी चुनौतीको सामना गरी निकास दिने कुरा पनि अघि सारिएको छ । समयको विवादमा विज्ञहरूको सामूहिक निर्णय, अभिलेख उतारमा रहेका चुनौतीका लागि लिपिविज्ञ, भाषाशास्त्री, इतिहासकारको पहलमा निकास खोज्नुपर्ने कुरा, भाषिकाको निकास दिन भाषिकाका जानकारी व्यक्तिको सहयोग, मिश्रित भाषाको समस्या हल गर्न विभिन्न विषयका विज्ञको सहयोग, राष्ट्रले उचित भाषानीति र भाषायोजना बनाई समस्याको निकास दिन सकिने कुरालाई समेटिएको छ ।

## सन्दर्भ सामग्रीसूची


अधिकारी, सूर्यमणि (२०४३), *पश्चिम नेपालको ऐतिहासिक अन्वेषण,* काठमाडौँ : नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय ।

अधिकारी, सूर्यमणि (सन् १९७९), 'पश्चिम नेपालका केही अप्रकाशित अभिलेखहरू', *कन्ट्रिव्युसन टु नेप्लिज स्टडिज* ७-१२, पृ. १७५-१९२ ।

अधिकारी, सूर्यमणि (सन् १९९७), *खस अधिराज्य,* नयाँ दिल्ली : निराला प्रकाशन ।

खनाल, मोहनप्रसाद (२०३०), *मध्यकालीन अभिलेख,* काठमाडौँ : लेखक ।

खनाल, मोहनप्रसाद (२०३४), 'अशोकचल्लका पालाको प्रशासनिक ताम्रपत्र', *गोरखापत्र,* काठमाडौँ, असार १७ ।

खनाल, मोहनप्रसाद (२०६८), *नेपाली भाषाका हजार वर्ष,* काठमाडौँ : राइनो पब्लिकेसन प्रा.लि. ।

गौतम, देवीप्रसाद र चौलागाईं, प्रेमप्रसाद (२०६७), *भाषाविज्ञान,* काठमाडौँ : पाठ्य सामग्री पसल ।

चटौत, आरडी प्रभास र चटौत, राज्यलक्ष्मी (२०७०), *बेलाको बोली बखतको इतिहास,* काठमाडौँ : नई प्रकाशन ।

चालिसे, विदुर (२०६३), *ऐतिहासिक अभिलेखनका आधारमा नेपाली भाषाका व्याकरणक तत्त्वमा क्रमिक विकासको अध्ययन,* विद्यावारिधि शोधप्रबन्ध, त्रि.वि. कीर्तिपुर ।

छोटा, प्रेम (२०६२), 'आठौँ शताब्दीको वसन लिपि', *कान्तिपुर,* मङ्सिर २५ गते, काठमाडौँ : कान्तिपुर पब्लिकेसन ।

तिमिल्सिना, यमनाथ (२०६३), *नेपाली अभिलेखीय शब्दको अध्ययन,* विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

थापा, रमेशजङ्ग (सं) (२०४३), 'ऐतिहासिक पत्रस्तम्भ', *प्राचीन नेपाल,* पृ. ४५-४९ ।

पन्थ, देवकान्त (२०३२), *डोटेल लोकसाहित्य एक अध्ययन,* काठमाडौँ : नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय ।

पाण्डे, वासुदेव (२०५६), 'वैभवशाली डोटी राज्यको झल्को', *कान्तिपुर,* भाद्र २६ गते ।

पाण्डे, वासुदेव (२०६५), 'डोटी क्षेत्रका ताम्रपत्रको सङ्कलन र अध्ययन', *लोकायन* १:१, पृ. ९०-१८८ ।

पोखरेल, बालकृष्ण (सं.) (२०२०), *पाँच सय वर्ष,* ललितपुर : जगदम्बा प्रकाशन ।

पोखरेल, बालकृष्ण (सं.) (२०४३), *पाँच सय वर्ष,* दोस्रो संस्करण, ललितपुर : साझा प्रकाशन ।

पोखरेल, माधवप्रसाद (२०५६), "दामुपालको शिलालेखको कालनिर्णय", *प्रज्ञा,* (अङ्क ९०), काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, पृ. १-१९ ।

पोखरेल, माधवप्रसाद (सं.) (२०७४), *जगदम्बा नेपाली साहित्यको बृहत् इतिहास,* ललितपुर : कमलमणि प्रकाशन ।

बिम्स, जोन (सन् १८७२), *अ कम्प्यारेटिभ ग्रामर अफ द मोडर्न आर्यन ल्याङ्ग्वेजेज अफ इन्डिया,* लन्डन : टुबनर ।

भट्टराई, गोविन्दप्रसाद (२०३७), *नेपाल र नेपाली,* काठमाडौँ : अच्यूतकुमारी भट्टराई ।

यात्री, पूर्णप्रकाश नेपाल (२०३४), *सेतीका तारा,* विराटनगर : हिमाली सौगात प्रकाशन ।

यात्री, पूर्णप्रकाश नेपाल (२०३९ 'क'), 'हालसम्म प्राप्त भएकामध्ये सर्वप्राचीन नेपाली अभिलेखन', *पच्चीस वर्षका भाषिक चर्चा,* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

यात्री, पूर्णप्रकाश नेपाल (२०३९ 'ख'), *राजा गगनिराजको यात्रा,* काठमाडौँ : नेसनल रिसर्च एसोसिएट्स् ।

यात्री, पूर्णप्रकाश नेपाल (२०३९ 'ग'), 'नेपालीका पाँच अभिलेख', *वाणीसाधना* १:१, पृ. ६७-८६ ।

योगी, नरहरिनाथ (२०१३), *इतिहास प्रकाश* २:१, मृगस्थली : इतिहासप्रकाश संघ)

योगी, नरहरिनाथ (२०२२), *इतिहास प्रकाशमा सन्धिपत्र सङ्ग्रह,* काठमाडौँ : गोरक्ष प्रकाशनमाला ।

राजवंशी, शङ्करमान (सं.) (२०३१), 'ऐतिहासिक पत्रस्तम्भ', *प्राचीन नेपाल,* ३०-३९, पृ. १२८ ।

सुवेदी, राजाराम (सन् १९७९), 'अप्रकाशित केही अभिलेखहरू', *कन्ट्रिब्युसन टु नेप्लिज स्टडिज* ७-१२, पृ. ९९ ।